## "मुड्केचुला गाउँपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०"

**भाग: ६ संख्या:५६ प्रमाणिकरण मिति:२०८०/०९/१६**

**प्रस्तावना**

मुड्केचुला गाउँपालिकाको समग्र योजना तर्जुमा, संचालन, व्यवस्थापन एंव काम कारवाहीमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धि गर्ने प्रयोजनका लागि यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, गाउँपालिकाको आन्तरिक आय, राजस्व वाँडफाँड वाट प्राप्त हुने रकम लगायत सबै प्रकारका स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्‍याउन मुड्केचुला गाउँपालिकाबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी "मुड्केचला गाउँपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०" बनाई लागू गरेको छ।

### परिच्छेद – १

### संक्षिप्त नाम, परिभाषा,

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "मुड्केचुला गाउँपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

## २. परिभाषा :

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) " **गाउँपालिका "** भन्नाले मुड्केचुला गाउँपालिका सम्झनुपर्छ ।

(घ) "**सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) **"अध्यक्ष र "उपाध्यक्ष"** भन्नाले मुड्केचुला गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"विषयगत शाखा "** भन्नाले गाउँपालिका भित्र रहेका बिभिन्न विषयसँग सम्बन्धित महाशाखा वा शाखालाई सम्झनुपर्छ ।

**(छ) "विकास साझेदार"** भन्नाले नेपाल सरकारका सर्तहरु पूरागरी गाउँपालिकासँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय साझेदार निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा राष्ट्रिय / अन्तर्राष्ट्रिय गैर सरकारी संस्था आदिलाई सम्झनुपर्छ ।

**(ज) "उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

**(झ) "सामाजिक परीक्षण"** भन्नाले स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्यलाई सम्झनुपर्छ ।

**(ञ) "गैर सरकारी संस्था"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ

**(ट) "सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था सम्झनुपर्छ ।

**(ठ) "योजना"** भन्नाले गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको गुरु योजना, आवधिक वा वार्षिक योजना, रणनीतिक योजना, विषय क्षेत्रगत योजना तथा एकिकृत योजना समेतलाई सम्झनुपर्छ ।

**(ड) "कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा एकिकृत कार्यक्रमलाई सम्झनुपर्छ ।

**(ढ) "आयोजना"** भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना ( योजना) सम्झनुपर्छ ।

**(ण) "अनुदान"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानिकरण, सशर्त अनुदान, विभिन्न कार्यक्रम, कोष र साझेदार निकायबाट उपलब्ध हुने वित्तीय प्राविधिक एवम् बस्तुगत सहयोग समेत सम्झनुपर्छ ।

**(त) "सामाजिक जिम्मेवारी"** भन्नाले गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका, र कार्यविधि अनुसार समावेशी र समतामूलक विकासका लागि नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समूहलाई ध्यान दिई सेवाप्रवाह गर्ने दायित्व सम्झनुपर्छ ।

(**थ) "लक्षित समूह"** भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु ( सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिबासी जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग ) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग र समुदायलाई सम्झनुपर्छ ।

**(द) "सार्वजनिक सुनुवाई"** भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका स्थानीय तहका पदाधिकारीहरु बिच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुल्ला छलफल गर्ने प्रकृयालाई जनाउँछ ।

**(ध) "आर्थिक प्रशासन नियमावली"** भन्नाले मुड्केचुला गाउँपालिकाका आर्थिक प्रशासन नियमावली, सम्झनुपर्छ ।

(**न) "आन्तरिक आय"** भन्नाले ऐन, नियमावली र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम स्थानीय निकायको परिषद्बाट स्वीकृत दरमा स्थानीय निकायले लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

**(प) "कार्यविधि"** भन्नाले गाउँपालिका योजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनुपर्छ

**(फ) "ठूला मेशिनरी तथा उपकरण"** भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

**(ब) "निःशर्त अनुदान"** भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही गाउँ, गाउँ र जिल्ला तथा राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम स्थानीय निकायको गाउँसभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

**भ) "विषयगत मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरू सम्झनुपर्छ ।

**(म) "राजस्व बाँडफाँड"** भन्नाले नेपाल सरकारबाट र माथिल्लो तहबाट गाउँपालिकालाई उपलब्ध गराउने रकम समेतलाई जनाउँछ ।

**(य) "लैङ्गिक लेखाजोखा (परीक्षण)"** भन्नाले महिला र पुरूष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरूष बीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

**(र) "स्थानिय तह"** भन्नाले नेपालको संविधान अनुसार गाँउपालिका, गाउँपालिका, जिल्ला सभा बुझ्नु पर्दछ । यस कार्यविधिमा मुड्केचुला गाउँपालिकालाई समेत बुझाउने छ ।

**(ल) "स्रोत"** भन्नाले स्थानीय तहलाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, स्थानीय निकायको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको हकमा स्थानीय विकास शुल्क, जगेडाकोष र गाउँविकास कोषबाट प्राप्त हुने रकम समेतलाई जनाउँछ ।

**(व) "सशर्त अनुदान"** भन्नाले नेपाल सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि स्थानीय निकायले तोकिएको शर्तको परिधिभित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्छ ।

**(स) "सार्वजनिक परीक्षण"** भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

**(श) "सार्वजनिक सुनुवाई"** भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

**(ष) "सामुदायिक संस्था"** भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## उद्देश्य र कार्यक्षेत्र

३. **उद्देश्य** : **यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख) गाउँपलिकाको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

(च) स्थानीय तहलाई उपलब्ध हुने अनुदानलाई सूत्रमा आबद्ध गरी न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका आधारमा अनुदान प्रदान गर्ने पद्धतिलाई संस्थागत गर्ने र एकीकृत रूपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने,

(छ)गाउँपलिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(ज) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(झ) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(ञ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

(ट) गाउँपालिकाबाट सञ्चालित योजना तथा विकास कार्यक्रम माथि नागरिकको पहुच सहज गरि व्यवस्थित ढंगले योजना संचालन तथा व्यवस्थापन गरि नागरिक प्रति जवाफदेहिताको अभिबृद्धि गर्ने यस कार्यविधिको उद्देश्य रहेको छ ।

(ठ) स्थानीय तहका सबै प्रकारका स्रोत र साधनलाई कानून सम्मत, उद्देश्यमूलक, नतिजामुखी, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्ण तरिकाले परिचालन र खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्‍याउने ।

(ड) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासको माध्यमबाट महिला, अपांग, पिछडिएका, उत्पीडित, उपेक्षित एवम्दलित वर्ग सहितका स्थानीय जनताहरूको सामाजिक सेवा, आर्थिक अवसर र स्रोतको पहुँच अभिवृद्धिमा सहयोग गर्ने ।

(ढ) आयोजना कार्यान्वयन एवम्श्रोत परिचालनका माध्यमबाट अति विपन्न र सार्वजनिक सेवा तथा सुविधाहरुमा पहुँच नभएका परिवारहरूको सशक्तिकरणको माध्यमबाट विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. **कार्यविधिको कार्यक्षेत्र** : गाउँपालिकालाई प्राप्त हुने निःशर्त अनुदान, सशर्त अनुदान, कार्यक्रम वा आयोजनागत बजेट, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, स्थानीय विकास शुल्क, राजस्व बाँडफाँडबाट प्राप्त रकम, वित्तीय संस्थाहरूबाट प्राप्त ऋण लगायत अन्य प्राप्त हुने सबै प्रकारका स्रोतबाट संचालन हुने वार्षिक बजेट तथा योजना तर्जुमा लगायत योजना संचालन एवम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ । तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन । त्यस्ता

कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ । समग्रमा, योजना संचालनको क्षेत्र देहाय बमोजिम हुनेछ :

(क) ग्रामीण तथा कृषि सडक, शहरी सडक, झोलुङ्गे पुल, पुल पुलेसा, कल्भर्ट निर्माण तथा टायल बिछ्याउने र अन्य भौतिक पूर्वाधार ।

(ख) गाउँ भित्रका नदी, खोला, खोल्साहरूको नदी नियन्त्रण सम्वन्धी कार्यक्रम ।

(ग) विद्युत वितरण र वैकल्पिक उर्जा सम्बन्धी सबै विकास कार्यक्रम ।

(घ) खानेपानी, ढल निकास तथा सरसफाई अन्तर्गत गाउँभित्र सञ्चालन हुने खानेपानी आयोजना, ढल निकास र व्यक्तिगत, घरायसी, संस्थागत तथा सामुदायिक सरसफाई एवम् वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु।

(ङ) आवास, भवन तथा शहरी विकास, ग्रामीण वस्ति विकास, गाउँपालिका क्षेत्रमा सञ्चालन हुने भौतिक विकास सम्बन्धी कार्यहरु, प्रकोप व्यवस्थापनको पूर्व तयारी , भूकम्प, बाढी, पहिरो तथा आगलागी जस्ता प्रकोप ब्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।

(च) गाउँभित्रको फोहरमैला सङ्कलन, पृथकिरण, ओसार पसार, कम्पोष्ट प्लाण्ट र सेनिटरी ल्यान्ड फिल साइट विकास तथा ब्यस्थापन सम्बन्धी कार्यक्रम ।

(छ) सामाजिक पूर्वाधार अन्तर्गत गाउँ क्षेत्रका सामुदायिक र सार्वजनिक भवन ( सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरञ्जन, पुरातात्विक, सामाजिक सांस्कृतिक, धार्मिक आदि) निर्माण, सञ्चालन एव म्मर्मत सम्भार सम्बन्धी कार्यक्रम ।

(ज) कृषि विकास तथा कृषि प्रसार, बाली संरक्षण, मत्स्य विकास, वागवानी विकास, जैविक मल तथा विषादी नियन्त्रण, पशुपंक्षी विकास, पशुबद्यशाला, नश्ल सुधार, रोग तथा महामारी नियन्त्रण, वाणिज्य तथा आपूर्ति व्यवस्थापन, सहकारी व्यवस्थापन, भूमि व्यवस्थापन, भूउपयोग सम्वन्धी कार्यक्रम, उद्योग तथा कलकारखाना स्थापना र व्यवस्थापन, घरेलु उद्योग, श्रम तथा रोजगारी एवम्पर्यटनसँग उपभोगता हित समरक्षण सम्वन्धित कार्यक्रम ।

## परिच्छेद-३

## योजनाको प्राथमिकीकरण ,सीमा निर्धारण र तर्जुमा

**५. संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन :** (१) संघीय बजेट प्रत्येक वर्षको जेठ १५ मा प्रस्तुत भई संघबाट हस्तान्तरण भई आउने रकम एकिन हुनेछ ।

(२) प्रादेशिक बजेट असार १ गते (प्रस्तावित) मा प्रस्तुत भई प्रदेशबाट हस्तान्तरण भई आउने रकम एकिन हुनेछ ।

(३) संघ तथा प्रदेशबाट मार्गदर्शन प्राप्त हुनेछ ।

**६. क्षेत्रगत बजेट सीमा निर्धारण :** (१) क्षेत्रगत बजेट सीमा निर्धारण गर्दा देहाय बमोजिमका क्षेत्र रहनेछ :

**(क) आर्थिक विकास**

- कृषि
- उद्योग तथा वाणिज्य
- पर्यटन
- सहकारी
- वित्तीय क्षेत्र

**(ख) सामाजिक विकास**

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- संस्कृति प्रवर्द्धन
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण

**ग) पूर्वाधार विकास**

- सडक तथा पुल (झोलुंगे पुल समेत)
- सिंचाई
- भवन तथा सहरी विकास
- उर्जा, लघु तथा साना जलविधुत (वैकल्पिक उर्जा समेत)
- संचार

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

- वन तथा भु-संरक्षण
- जलाधार संरक्षण
- वातावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहोरमैला व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण
- विपद व्यवस्थापन, वारुण यन्त्र संचालन

**(ङ) संस्थागत विकास तथा सेवा प्रवाह**

- सामान्य सेवा
- सुरक्षा व्यवस्थापन
- सुचना प्रविधि
- पञ्जिकरण व्यवस्थापन
- स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन
- सुशासन प्रवर्धन
- अनुसन्धान तथा विकास
- अन्यत्र वर्गिकरण नभएका

**७. आयोजनाको पहिचान, छनौट, प्राथमिकीकरण र कार्यान्वयन**: स्थानीय बिकासका सम्भाव्य आयोजनाहरूको पहिचान, छनौट तथा प्राथमिकीकरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको प्रक्रिया अनुरुप कार्यान्वयन र कार्यान्वयन पश्चात् सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धी कार्यहरू गाउँपालिका आफैं, गाउँपालिकाको अख्तियारी वमोजीम वडा समिति वा लाभग्राही समुदायबाट गरिनेछ ।

**८. आयोजना प्राथमिकिकरण गर्दा देहाय बमोजिमको आधारहरु रहने छन्:**

(क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने

(ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने)

(ग) राजस्व परिचालनमा योगदान पुऱ्याउने

(घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

(ङ) स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

(च) लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने

(छ) दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने

(ज) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने

(झ) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।

**९. बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट** : (१) सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरि पठाउनेछ ।

(२) बालबलिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सवै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्ने छ ।

(३) नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर

सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्ने छ ।

(४) वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सुची तयार गरि वडा समितिमा पेश गर्नु पर्ने छ ।

**१०. वडा स्तरीय योजना प्राथमिकिकरण :** (१) आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/ बस्तीस्तरबाट प्राप्त आयोजना/ कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउने ।

(२) गाउँस्तरमा महत्वपुर्ण देखिएका आयोजना/ कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिने ।

## परिच्छेद – ४

## योजना वा आयोजना सञ्चालन तथा व्यवस्थापन

**११. योजना वा आयोजना संचालन प्रक्रिया :** (१) गाउँपालिकाको स्वीकृत कार्यक्रम वा आयोजना संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(१) बार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो त्रैमासिक भित्रै लागत अनुमान तथा डिजाईन तयार गरी विनियोजित बजेटको अधिनमा रही ठेक्कापट्टा मार्फत कार्य गर्नु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रिया तथा कागजातहरू तयार गरी शहरी तथा पूर्वाधार बिकास महाशाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले नियम (१) बमोजिम पेश भएको बार्षिक कार्यक्रम र कार्ययोजना अध्ययन गरी पाँच करोड भन्दा बढी रकमको आयोजनाको लागत इस्टिमेट स्वीकृत गर्न बोलपत्र आव्हान वा उपभोक्तासँग सम्झौताको लागि निर्णयार्थ पेश गर्नेछ र प्रमुखले अध्ययन गरी त्यस्तो पेश भएको योजना स्वीकृत गर्नेछ ।

(३) यस नियम बमोजिम कुनै कारणले कोटेशन मार्फत योजना संचालन गर्नु परेमा वा सेवा वा बस्तु खरिद गर्नु परेमा अध्यक्ष प्रशासकीय अधिकृतले प्रचलित कानुन वमोजिम सुचना प्रकाशीत गरी प्रतिस्पर्धा गराई आवश्यक कार्य गर्न सक्नेछ ।

(४) गाउँसभाबाट स्वीकृत आयोजनालाइ चालु आ.व.भित्रै सम्पन्न गर्नुपर्दा विनियोजित वजेट अपुग भएमा २० प्रतिशतमा नबढ्ने गरी वजेट तथा योजना तर्जुमा समितिको सिफारीसमा अध्यक्षले रकमान्तर गर्ने छ ।

(५) गाउँपालिकाले गैरसरकारी संस्था मार्फत योजना संचालन गर्नु परेमा त्यस्तो गैर सरकारी संस्थाको कम्तिमा ३० प्रतिशत लागत सहभागिता हुने गरी योजना संचालन गर्न सकिनेछ ।

(६) आयोजना कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गरिनेछ ।

(७) सार्वजनिक खरिद ऐन, २०६३, गाउँपालिकाको आर्थिक प्रशासन नियमावली बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(८) आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(९) गाउँपालिकाबाट आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना वा आयोजनाको हकमा वडा कार्यालयबाट आव्हान गरिएपछी बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारीदिनु पर्नेछ ।

(१०) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिनेछ ।

(११) योजना वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्कीशून्य गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(१२) योजना वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०७५, वातावरण संरक्षण नियमावली, २०७६ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन ( ई.आई.ए) गरेरमात्र सञ्चालन गर्नु पर्नेछ ।

(१३) योजना वा आयोजना कार्यान्वयन गर्दा विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(१४) योजना वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट प्राप्त गर्ने रकम बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(१५) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा स्थानीय निकायले खरिद व्यवस्था गर्न सक्नेछ ।

(१६) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

(१७) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृत हुनेछ

(१८) योजना वा आयोजना कार्यान्वयन गर्ने पक्षले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(१९) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(२०) गाउँपालिकाले दुई लाख रूपैयाँभन्दा माथिका आयोजनाको **अनुसूची-१** बमोजिम आयोजनाका लगत खाता राख्नु पर्नेछ ।

(२१) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(२२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रूपैयाँसम्म लागत अनुमान भएका योजना वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन

प्राथमिकता दिनुपर्नेछ । तर विशेष प्राविधिक दक्षता आवश्यकता पर्ने, लागत श्रम सहभागिताा नहुने आयोजना ठेक्कापट्टा मार्फत् गरिनेछ ।

**१२. योजनाको कार्ययोजना वनाई संचालन गर्नुपर्ने :** गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा सञ्चालन गर्ने बार्षिक कार्यक्रम तथा आयोजनाहरु समयमै सम्पन्न गर्नका लागि आर्थिक वर्षको पहिलो तीन महिना भित्र कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।

**१३. आयोजनाको विस्तृत डिजाइन तयार गर्नुपर्ने :** (१) गाउँको पूर्वाधार विकासका लागि सम्भाव्य आयोजनाहरूको पहिचान, प्राथमिकिकरण, छनौटर स्वीकृत भएपछि शहरी तथा पूर्वाधार बिकास महाशाखाले छ सबै योजना/आयोजनाहरुको विस्तृत डिजाईन तयार गर्नुपर्नेछ र आयोजनाहरुको विस्तृत डिजाईन तयार गर्नका लागि आवश्यकता अनुरुप परामर्श सेवा पनि लिन सकिनेछ ।

(२) योजनाको बिस्तृत लागत अनुमान तयार गर्दा शहरी तथा पूर्वाधार बिकास महाशाखाले आयोजना सञ्चालन प्रकृयामा एकरुपता ल्याउन आयोजना पहिचान, छनौट, पूर्व सम्भाव्यता अध्ययन, बिस्तृत अध्ययन तथा डिजाइन, परिमाण अनुमान, दर विश्लेषण, बिस्तृत आयोजना प्रतिवेदन, पुँजीगत खर्च र सञ्चालन तथा सम्भार खर्च जस्ता विषयहरूलाई समाविष्ट गर्नुपर्नेछ ।

(३) एक करोड भन्दा माथिका आयोजना सञ्चालन गर्नुपर्दा प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

**१४. निर्माण कार्यको विस्तृत लागत अनुमान गर्ने विधि** :सार्वजनिक निर्माण कार्यको विस्तृत लागत अनुमान गर्ने विधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् यस नियमावली बमोजिम वा कार्यपालिकाद्वारा स्वीकृत स्थानीय दररेट बमोजिम हुनेछ ।

**१५. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्थाः**(१) गाउँपालिकाले आयोजनाहरूको लागत अनुमान, नक्शा तथा डिजाईन सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका

लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनेछ ।

(२) उपनियम (१) वमोजिम लागत अनुमान र डिजाईन तयार गर्दा प्रयोगशाला परिक्षण, सवारी साधन वहाल कर र स्रोत मै कर कट्टि समेतको खर्च समावेश गर्नु पर्नेछ ।

(३) आयोजनाहरूको लागत अनुमान तयार गर्दा स्थानीय दररेटको आधारमा निर्माण सामाग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी आवश्यकता अनुसार नेपाली तथा अग्रेजी भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक शब्दावलीहरू नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्न सकिनेछ ।

(४) लागत अनुमान तयार गर्दा श्रमप्रधान विधिबाट हुनसक्ने कार्यको सोही बमोजिम लागत अनुमान तयार गर्ने र श्रमप्रधान विधिबाट काम हुन नसकी मेसिन उपकरणको प्रयोग गर्नुपर्ने अवस्था भएमामेसिन उपकरणको प्रयोग गर्नुपर्ने स्पस्ट कारण खुलाई लागत अनुमान तयार गर्नुपर्नेछ ।

(५) लागत अनुमानको एक करोड भन्दा बढी रकमका आयोजनाको स्वीकृति प्रमुख प्रशासकीय अधिकृतको सिफारीसमा गाउँ प्रमुख स्वीकृत गर्नेछ ।

(६) कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिजेन्सी तथा मर्मत सम्भारका लागि खर्च हुने रकम शुरुमै लागत अनुमान तयार गर्दा समावेश गरिनेछ :

(क) पाँच लाखसम्म बिनियोजन भएको हकमा योजनाको हकमा चार प्रतिशत ।

(ख) पाँच लाखभन्दा वढी बिनियोजन भएको योजनामा पाँच प्रतिशत ।

(७) उपदफा (६) को खण्ड (क) र (ख) वमोजिम कन्टिजेन्सी तथा मर्मत सम्भार खर्च कट्टा गरी बाँकी रहेको बिनियोजित रकमलाई शतप्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

**१६. <u>उपभोक्ता समिति सम्बन्धी व्यवस्था</u>** : उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरू समेत पालना गर्नु पर्नेछ :-

१. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२. स्थानीय निकायका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय निकायको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट गाउँका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाईउक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

३. उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

४. एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन
५. प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन

समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, सामाजिक परिचालक, जनप्रतिनिधि, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ

६. उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

७. स्थानीय निकायबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित गाउँपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

८. उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध गाउँएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्नसक्नेछ ।

**१७.<u>उपभोक्ता समिति मार्फत योजना संचालन कार्य गर्नसक्ने :</u>** (१) लागत सहभागिता बढी जुट्ने, छिट्टै प्रतिफल दिने, गरिवी निवारणमा सहयोग पुऱ्याउने, वातावरणमैत्री, रोजगारी सृजना हुने तथा लागत प्रभावी योजनालाई प्राथमिकता दिई उपभोक्ता समिति मार्फत संचालन गरिनेछ तर उपभोक्ता समिति गठन गर्दा सम्बन्धित योजना स्थलका बासिन्दा वा लाभग्राही भन्दा बाहिरका व्यक्ति रहन पाउने छैनन् । तर लागत सहभागिता नजुट्ने सबै प्रकारका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यान्वयन गरिनेछ ।

(२) स्वीकृत आयोजनाहरुमध्ये उपभोक्ता समितिद्वारा सञ्चालन गरिने आयोजनाको हकमा उपभोक्ता समिति गठन गरी सम्झौताका लागि वडा कार्यालय मार्फत गाउँपालिकामा पत्राचार गरिनेछ ।

(३) वडा समितिको कार्यालयले लाभग्राही समूह सबैलाई जानकारी गराई सम्बन्धित वडाध्यक्ष वा निजले तोकेकोवडा सदस्यको रोहवर तथा कार्यालयको प्राबिधिक कर्मचारीको उपस्थितिमा उपभोक्ता समिति गठन गरी सम्झौताको लागि कार्यालयमा सिफारिस सहित पठाउनुपर्नेछ । वडा समितिको कार्यालयबाट उपभोक्ता समिति गठन गरी सम्झौताको लागि कार्यालयमा सिफारिस भै आएपछि शहरी तथा पूर्वाधार बिकास महाशखा प्रमुखले लागत अनुमान स्वीकृत  गरि सम्झौताको लागि योजना अनुगमन तथा मूल्याकंन महाशखामा पठाउनु पर्नेछ र योजना अनुगमन तथा मूल्याकंन महाशाखाले कार्यालयले तोकेको ढाँचामा सम्झौता तयार गरी उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्नेछ ।

(४) उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको लागि लागत इस्टमेटमा खरिद हुने नि तोकिएको योजनामा वाहेक अन्य योजनामा पेश्की दिइने छैन ।

(५) उपभोक्ता समितिबाट सम्पादन हुने कामको लागि उपभोक्ता समितिको नाममा उपभोक्ताका लागि पायक पर्ने बैंकमा खाता खोल्नुपर्नेछ । भुक्तानी गर्नुपर्ने जतिसुकै रकम भएपनि बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(६) उपभोक्ता समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ र अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये एकजना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(७) उपभोक्ता समितिको नाममा खोलिएको बैंक खाता एक आर्थिक वर्ष पुरा नभै बन्द गर्न पाईने छैन ।

(८) उपभोक्ता समितिको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था 'मुड्केचुला गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन कार्यबिधि'बमोजिम हुनेछ ।

(९) उपभोक्ता समितिले कार्यसम्पन्न गरेपछि सम्बन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्यको रोहवरमा **अनुसूची-१** बमोजिमको ढाँचामा खर्च सार्वजनिक गर्ने तथा **अनुसूची- २** को ढाँचामा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । साथै नियम १३ बमोजिम योजना फरफारकका लागि पेश गर्दा सम्बन्धित वडा कार्यालयको सिफारीस, खर्च सार्वजनिक गरेको प्रतिवेदन तथा सार्वजनिक परिक्षण प्रतिवेदन समेत संलग्न गर्नुपर्नेछ ।

(१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारी र उपभोक्ता समितिलाई बस्तुगत मापदण्डको आधारमा गाउँसभाको निर्णय बमोजिम हरेक बर्ष पुरस्कृत गर्न सकिनेछ ।

(११) गाउँपालिकाले कार्यक्रमको प्रकृति हेरी गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार हुने कार्यका लागि प्रोत्साहन गर्नेछ ।

१२. गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोनुपर्ने सहभागिता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गरीनेछ । नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउँपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गरीनेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

१३. यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनुपर्नेछ ।

१४. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्भव भएसम्म सामुहिक रूपमा अनुशिक्षण कार्यक्रमसञ्चालन गरीनेछ ।

१५. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

१६. श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

१७. आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय पगति प्रतिवेदन सम्झौता फारममा उल्लेख भए बमोजिमको ढाँचामा तयार गरि तोकिएको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

१८. उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

१९. स्थानीय निकाय र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

२०. उपभोक्ता समितिलाई सम्बन्धित गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

२१ उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य गाउँपालिकाको तर्फबाट ताकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

२२. उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित वडा कार्यालय र गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्यादमाग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने ।

२३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ । गाउँपालिकाको निश्चित लागत रकमको सिमा तोकि सोको अनुगमन गर्ने जिम्मेवारी वडा समितिलाई दिन सकिनेछ ।

२४. उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी गाउँपालिका वा वडा प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो

भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

२५. उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी वडा कार्यालय र गाउँपालिका कार्यालयमा योजनाको हस्तान्तरण भएमा सम्बन्धित स्थानीय निकायको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२६. गाउँपालिका आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, टेवलमा राखि कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

२७. उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

**१८. <u>योजना संचालनको लागि सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ</u> :-** (क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला र एकजना प्रतिनिधि समेत रहने गरी सहजीकरण समिति गठन गरि गाउँ स्तरिय अनुगमन समिति/वडा स्तरिय अनुगमन समितिलाई सहयोग गरिनेछ ।

(ख) खण्ड (क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह गाउँको, भुक्तानी र फरफारकको लागि सिफारिश गाउँको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

**(१९. सार्वजनिक निजी साझेदारी :** (१) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि (स्थानीय निकायको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

**२०. <u>ठेक्कापट्टासम्बन्धी व्यवस्था :</u>** उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको गाउँपालिकाले प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

**२१. <u>सडक निर्माणसम्बन्धी विशेष व्यवस्था</u>** : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै केन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्ने छ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना निर्माणमा प्राथमिकता दिनु पर्नेछ । -

३) नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गाउँयातायात गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ । साथै नयाँ ट्र ्याक खोल्दा सडकसम्बन्धी सशर्त अनुदान बाहेक अन्य रकमबाट लगानी गर्न पाइने छैन ।

(४) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनु पर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०७५ तथा वातावरण संरक्षण नियमावली, २०७६ को परिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नेछ ।

(६) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा स्थानीय निकायको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

(७) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगतकट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

**२२. <u>आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था</u> :** (१) ५० लाख रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित गाउँबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा गाउँपालिकाबाट थप लगानी हुने छैन ।

**२३. <u>जनसहभागिता एवम् लागत सहभागिता</u> :** (१) योजना वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्न गाउँपालिकाले जोड दिनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र स्थानीय तहले अवलम्वन गरेको नीतिका अधीनमा रही गाउँपालिकाको १० प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ । तर गाउँपालिकाबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता समिति मार्फत निर्माण गरिने योजनाहरुको हकमा गाउँपालिकाबाट प्राप्त अनुदानलाई शतप्रतिशत मानी उपभोक्ता समितिले देहाय वमोजिमका योजनामा देहाय बमोजिमको लागत सहभागिता ब्यहोर्नु पर्नेछ

(क) सडक कालोपत्रे गर्ने कार्य ४० प्रतिशत

(ख) कालोपत्रे मर्मत गर्ने कार्य ३० प्रतिशत

(ग) सडकको आर.सी.सी.ढलान मर्मत गर्ने कार्य २० प्रतिशत

(घ) सडकमा टायल बिच्छ्याउने, सडक ग्राभेल,ढल निर्माण, साना पुल तथा कल्भर्ट निर्माण कार्य १०प्रतिशत

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक कालोपत्रे गर्ने, कालोपत्रे मर्मत गर्ने कार्य कोटेशन वा ठेक्का प्रक्रिया मार्फत संचालन गरिनेछ र आर.सि.सि.ढलान मर्मत गर्ने, टायल बिच्छ्याउने, ग्राभेल गर्ने, ढल तथा नाली निर्माण गर्ने जस्ता कार्यमा मठ मन्दिर, गुम्वा, सार्वजनिक ऐलानी एवं पर्ति जग्गा, नदीनाला र बिध्यालय जस्ता क्षेत्रबाट लागत सहभागिता नजुट्ने अवस्था भएमा प्राबिधिक प्रतिवेदन तथा वडा कार्यालयको सिफारिशका आधारमा त्यस्तो क्षेत्रबाट ब्यहोर्नु पर्ने लागत सहभागिता आवश्यकताको आधारमा गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

(५) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

**२४. <u>कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका</u> :** गाउँपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :

| **सि.नं.** | **कार्यहरू** | **समय तालिका** |
|---|---|---|
| १ | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती । | श्रावण मसान्तभित्र । |
| २ | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश । | वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र । |
| ३ | आयोजना सम्पन्न गर्ने अवधि । | ज्येष्ठ मसान्तभित्र । |
| ४ | जाँचपास र फरफारक । | आयोजना सम्पन्न भएको ३० दिनभित्र । |
| ५ | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँसभाबाट पारित गर्ने । | असार मसान्तभित्र । |

**२५. <u>आयोजना सञ्चालनमा तथा व्यवस्थापनमा सहयोग गर्नुपर्ने</u>** : गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजनैतिक दल, सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

## परिच्छेद ५

## योजना अनुगमन, मुल्याङ्कन तथा फरफारक सम्वन्धी व्यवस्था

**२६. आयोजनाको सुपरिवेक्षण तथा अनुगमन सम्वन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको नतिजामुखी सुपरिवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिम एक अनुगमन समिति रहनेछ :

क) उपाध्यक्ष — संयोजक

ख) गाउँ कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य — सदस्य

ग) पूर्वाधार विकास शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी — सदस्य

घ ) योजना शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) वमोजिम गठित अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजना कार्यान्वनमा सहजिकरण गर्ने तथा कार्यान्वयनको क्रममा देखिएका बाधा, ब्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ख) आयोजनाको कार्यान्वयन स्वीकृत कार्यतालिका अनुसार भए नभएको यकिन गरी गाउँको भए सम्बन्धित पक्षलाई मौखिक वा आवश्यकता बमोजिम बैठकको निर्णय अनुसार आवश्यक निर्देशन दिने ।

(ग) खण्ड (ख) बमोजिमको निर्देशनको पालना भए नभएको अनुगमन गर्ने पालना नभएको भए सम्झौता रद्द गर्न अध्यक्ष समक्ष सिफारीस गर्ने ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट गाउँभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदनदिने।

(ङ) योजनासँग सम्बन्धित कार्यलयीय कामको समेत अनुगमन गर्ने ।

(च) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गरी सुधारका लागि सुझाव एवं निर्देशन दिने तथा अनुगमन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

(३) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा प्रमुख समक्ष पेश गर्नेछ र प्रमुखले यसरी प्राप्त प्रतिवेदनको अध्ययन गरी कार्यपालिकाको बैठकमा पेश गर्न लगाउनेछ ।

(४) समितिले कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा समीक्षा गर्नुपर्नेछ र त्यस्तो समिक्षा प्रतिवेदन अध्यक्ष समक्ष पेश गर्नुपर्ने छ ।

(५) समितिले बैठकमा आवश्यकतानुसार उपाध्यक्ष तथा शाखा प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिले बैठक सम्बन्धी अन्य कार्यबिधि आँफै निर्धारण गर्नेछ ।

**२७. <u>आयोजना जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था</u> :** (१) आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षण प्रतिवेदन तथा वडा समितिको सिफारिससमेतको आधारमा गाउँपालिकाले आयोजनाको फरफारक गर्नुपर्नेछ । फरफारक भएका आयोजनाहरूको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम वडा समितिको सिफारीस हुनु पुर्व वडा समितिले अन्तिम प्रविधिक मुल्याङ्कन प्रतिवेदन कार्यपालिकाको कार्यलयवाट उपलव्ध गराउनु पर्नेछ ।

(३) आयोजनाको फरफारक गर्न देहाय बमोजिम एक समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख | संयोजक |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

(च) उपदफा (३) वमोजिमको समितिमा समितिले अन्य आवश्यक प्रविधिक तथा अन्य शाखाका कर्मचारी समेत  बैठकमा बोलाउन सक्नेछ ।

(४) फरफारक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) फरफारक समितिले बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आँफै निर्धारण गर्नेछ

## परिच्छेद : ६

## योजनाको संचालन, संशोधन,म्याद थप, कन्टिजेन्सी र मर्मत कोष

२८. **योजना संचालन सम्बन्धी व्यवस्था** : (१) गाउँसभाबाट स्वीकृत योजनाको सामान्यतया हेरफेर वा परिवर्तन र संशोधन गरिने छैन ।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बिशेष कारण र परिस्थिती उत्पन्न भई योजना संशोधन हेरफेर र परिवर्तन गर्नु परेमा वडा समिति बैठकको निर्णयको सिफारीस बजेट तथा योजना तर्जुमा समितिको राय लिई कार्यपालिकाले निर्णय गरी हेरफेर परिवर्तन वा संशोधन गर्न सक्नेछ र गाउँस्तरीय योजनाहरुको भने वजेट तथा योजना तर्जुमा समितिको सिफारीसमा कार्यपालिकाले हेरफेर, परिवर्तन वा परिमार्जन गर्न सक्नेछ तर त्येस्तो हेरफेर वा परिवर्तनको विवरण गाउँसभामा प्रस्तुत गरी अनुमोदन गराउनुपर्नेछ ।

(३) कार्यपालिका आफैले योजना हेरफेर गर्नु परेमा निर्णय पुस्तिकामा आधार र कारण खुलाएर मात्र योजना हेरफेर परिवर्तन वा संशोधन गर्न सकिनेछ ।

(४) उप नियम २ र ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धीत वर्षको वैशाख पन्ध्र गते पछि कुनै योजना संशोधन गरिने छैन ।

(५) माथिको उफदफमा जुनसुकै कुरा लेखिएके भएता पनि एक पटक संसोधन वा हेरफेर भएको योजना पुनः सोहि योजना संयोधन वा हेरफेर गर्न सकिने छैन्र सम्बन्धीत आर्थिक वर्षको लागि निर्धारण गरिएको योजना सम्बन्धीत आर्थिक वर्षमा सम्झौता गरी पहिलो किस्ता बराबरको काम सम्पन्न गरी भुक्तानी नलगेको भए त्यस्तो योजनाको दायित्व अर्को अर्थिक वर्षमा सर्नेछैन ।

२९. **योजना संसोधन सम्वन्धि अन्य व्यवस्था** : सडक निर्माण योजना मध्ये कालोपत्रे, पक्कि नाल निर्माण वा बल्क ओछ्याउने कार्य, एक आपसमा परीवर्तन वा हेरफेर गर्न सकिनेछ तर त्येस्तो आयोजनालाई माटो तथा ग्रभेल गर्ने कार्यमा परिवर्तन वा हेरफेर गर्न पाइने छैन ।

**२९. योजनाको म्याद थप सम्वन्धि व्यवस्था** : १. वार्षिक गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत योजनाहरु मध्य उपभोक्ता समितिबाट संचलित रु. ५० लाख सम्मका योजनाहरुको म्याद थप सम्बन्धमा उपभोक्ता समितिको औचित्यतता सहितको निर्णय, वडाको सिफारिस र सम्बन्धीत वडाको प्राविधिकको राय सहित पेश भएमा र कोटेशनबाट संचालित योजनाको हकमा प्राविधिक राय बमोजिम सम्झौता गर्ने अधिकारीबाट म्याद थप गरिनेछ ।

२. उपभोक्ता समितिबाट संचलित ५० लाख वा सो भन्दा माथिको योजनाको हकमा प्रमुख प्रशासकिय अधिकृतको सिफारिसमा अध्यक्षबाट म्याद थप गरिनेछ ।

३. ठेक्काबाट संचालित योजनाको म्याद थप सम्बन्धीत साइट इन्जितियरको राय बमोजिम प्रमुख प्रशासकिय अधिकृतको सिफारिसमा अध्यक्षबाट म्याद थप गरिनेछ

४. दफा २९ को उपदफा १,२ र ३ मा जे लेखिएको भएतापनि उपभोक्ता समिति, कोटेशन, सिलबन्दी दरभाउ पत्र र ठेक्काबाट संचालित योजनाको म्याद थप भई संचालनमा रहेता पनि म्याद थप गरि संचालनमा रहेका योजनाहरु गाउँ सभाबाट अनुमोदन गर्नुपर्नेछ ।

**३०. कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी ब्यवस्था** : (१) दफा १५उपदफा (६) बमोजिम कट्टा भएको कन्टिन्जेन्सी तथा मर्मत सम्भार वापतको रकम देहायको क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :

(क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च ।

(ख) योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च ।

(ग) आयोजनाकोअभिलेख व्यवस्थापन, योजना खाता, सफ्टवेयर खरिदसम्बन्धी खर्च ।

(घ) कार्यक्रम वा आयोजनाको अनुगमनतथा मूल्याङ्कन, जाँचपास तथा फरफारक सम्बन्धी खर्च ।

(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन सम्वन्धी खर्च ।

(च) उपभोक्ता समितिको गठन तथा अभिमुखीकरण सम्बन्धी खर्च ।

(छ) आयोजनाव्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरूको व्यवस्थापन सम्बन्धी खर्च ।

(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्ने आवश्यक खर्च ।

(झ) आयोजना सञ्चालन गर्न खटाईएका प्राविधिक जनशक्तिको पारिश्रमिक खर्च ।

(ञ) आयोजनासँग सम्बन्धित अन्य कार्यहरु ।

(२) उपदफा (१) बमोजिम एकमुष्ट रूपमा कन्टिन्जेन्सी छुट्टयाईसकेपछि आयोजनागत रूपमा लागत अनुमान तयार गर्दा पुनःकन्टिन्जेन्सी रकम कट्टा गर्न पाइनेछैन ।

## परिच्छेद – ७

## प्रगती प्रतिवेदन, उत्तरदायित्व एवम् जवाफदेहिता र जोखिम न्यूनीकरण

**३१. प्रगति प्रतिवेदन एवम् समिक्षा सम्बन्धी व्यवस्था** : गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रगति प्रतिवेदन एवम् समीक्षा देहाय बमोजिम हुनेछ :-

(१) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजना हरूको चौमासिक र बार्षिक रूपमा प्रगति समीक्षा गरिनेछ ।

(२) चौमासिक तथा वार्षिक प्रगति समिक्षा गर्ने गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) गाउँ सभाबाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति गाउँपालिकाले मन्त्रालयमा पठाउने जिम्मेवारी कार्यकारी अधिकृतको हुनेछ ।

(४) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदन तोकीए बमोजिमको ढाँचामा तथा अन्य विवरण गाउँपालिकाले मन्त्रालयको सम्बन्धित शाखामा देहायको समयावधि भित्र पठाउनु पर्नेछ :-

| क्र स | विवरण | गाउँपालिका |
|---|---|---|
| १ | मासिक प्रगति प्रतिवेदन । | प्रत्येक महिनाको सात गतेभित्र । |
| २ | पहिलो चौमासिक प्रतिवेदन । | मंसिर सात गतेभित्र । |
| ३ | दोस्रो चौमासिक प्रतिवेदन । | चैत्र सात गतेभित्र । |
| ४ | तेस्रो/वार्षिक चौमासिक प्रतिवेदन । | श्रावण पन्ध्र गतेभित्र । |
| ५ | पूँजिगत अनुदान, क्षमता विकास अनुदान र | तयार भएको मितिले सात दिन भित्र |

| | | |
|---|---|---|
| | सामाजिक परिचालन अनुदानबाट सञ्चालन गरिने आयोजनाहरूको आयोजना लगानी विवरण | |
| ६ | गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णयहरू । | निर्णय भएका मितिले सात दिन भित्र । |
| ७ | आफ्नो क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रम वा आयोजनाहरूको एकीकृत रूपमा सूचनामूलक वार्षिक प्रतिवेदन । | आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र । |
| ८ | वित्तीय प्रतिवेदन | वित्तीय प्रतिवेदन महिना समाप्त भएको सात दिन भित्र । |
| ९ | वार्षिक आर्थिक विवरण | आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र । |
| १० | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | प्रत्येक चौमासिक अवधि समाप्त भएको एक महिनाभित्र । |
| ११ | गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन । | चालू आर्थिक वर्षभित्र । |

**३३. बजेट फ्रिजसम्बन्धी व्यवस्था** : (१) आर्थिक बर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछ :

(क) नेपाल सरकार तथा प्रदेश सरकारको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानरकम आर्थिकवर्ष समाप्त हुनुभन्दा कम्तिमा पाँच दिन अगावै भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक कारोवार बन्द गरेपछि बाँकी रहेको रकममध्ये कानून बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने रकम फिर्तागर्नुपर्नेछ । तर फिर्ता गर्नु नपर्ने अनुदान रकम, गाउँपालिकाको आन्तरिक आय तर्फको रकम र राजस्व बाँडफाँड बापत प्राप्त हुने रकमसमेत आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सरी सञ्चित कोषमा दाखिला गरी लेखा राख्नु पर्नेछ ।

(२) सम्झौता भई सम्पन्न नभएका र दायित्व सिर्जना भएका आयोजनाहरुको भुक्तानी दिन बाँकी रहेको रकमको विवरण तयार गरीकानून बमोजिम प्रमाणित गराई राख्ने जिम्मेवारी योजना महाशाखा तथा आर्थिक प्रशासन महाशाखाको हुनेछ ।

**३४. उत्तरदायित्व एवम् जवाफदेहिता सम्बन्धी व्यवस्थाः** (१)गाउँपालिकाको सम्पूर्ण काम कार्यवाहीलाई सरल, व्यवस्थित,सेवाग्राहीमैत्री र जिम्मेवारयुक्त बनाई सेवाग्राहीप्रति उत्तरदायी हुनेव्यवस्थामिलाउनु पर्नेछ ।

(२) गाउँपालिकाले हरेक आर्थिक वर्षको पहिलो चौमासिक भित्रमा अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका सम्पुर्ण आयोजना तथा क्रियाकलापहरुको सामाजिक परीक्षण गराउनुपर्नेछ ।

(३) गाउँपालिकाले दुई करोडभन्दा बढी लागत भएका कम्तिमा तीन वटा योजनाको योजना सम्पन्न भएको दुई वर्षपछि अनिवार्य रुपमा प्रभाव मुल्याङ्कन गराउनुपर्नेछ ।

(४) सामाजिक परीक्षण तथा प्रभाव मुल्याङ्कनबाट आएका प्रतिक्रिया एवम् सुझावलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गराउनु पर्नेछ । यसरी प्राप्त सुझाव तथा प्रतिक्रियाको आधारमा नीतिगत सुधार गर्नुपर्ने देखिएमा सुधारको लागि पहलकदमी लिनुपर्नेछ।

(५) सामाजिक परीक्षण सम्बन्धी कार्यविधी गाउँपालिको तयार गरी कार्यपालिकाले अनुमोदन गरेपछि लागु हुनेछ ।

**३५. <u>वित्तीय जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था</u>**: गाउँपालिकाको संस्थागत सुशासन,आर्थिक एवम् वित्तीय अनुशासन र विश्वसनीयता कायम गर्दै जोखिमहरून्यूनीकरण गर्नकालागि देहाय बमोजिम गर्नुपर्नेछ :

(१) उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्तासमितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवको हुनेछ । उपभोक्ता समितिले कामको लेखा दुरूस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(२) भए गरेको कामलाई गाउँको तथा गाउँको कामलाई गरेको भनी सिफारिश गर्ने, नापजाँच गर्ने, प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

(३) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमासम्बन्धित व्यक्ति, कर्मचारी वा पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलितकानून बमोजिम कारबाही हुनेछ ।

(४) गाउँपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिकखरिद ऐन तथा नियमावलीको पूर्ण पालना गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्नेछ । ठेक्कापट्टाप्रक्रियामा हुनसक्ने अनियमितता,

मिलोमतो र जवरजस्ती गर्नेजस्ता कार्यहरू निरूत्साहित गर्न स्थानीय प्रशासनसंग आवश्यक सहयोग लिईनेछ ।

(५) भौतिक एवं वित्तीय प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने, सार्वजनिक परीक्षण, लैंगिकपरीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तोकिए बमोजिमसम्पन्न गराउने र तदनुरूप प्राप्त सुझावको कार्यान्वयन गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४लगायत प्रचलित कानून र यस कार्यविधि विपरित कुनै पनिकार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाहसम्बन्धी कार्य सञ्चालन गर्न पाईनेछैन ।

(७) कार्यक्रम वा आयोजनाहरूको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रूपमाअनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नुपर्नेछ ।

(८) कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचारवाअख्तियारको दुरूपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने प्रवृत्ति उपर शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ ।

(९) ठेक्का भेरिएसन गर्दा वा मूल्य समायोजन गर्दा थप सतर्कता अपनाईने छ ।

(१०) रकम फ्रिज हुन नदिने मनसायले आवश्यकता भन्दा बढी रकम पेश्की लिनेदिने वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो कार्य दण्डनीय हुनेछ ।

(११) कुनै पनि कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वाअन्य कार्यान्वयन गर्ने निकायबाट दुरूपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा गुणस्तरीय तवरबाट काम नभएको वा कम परिमाणमा काम भएको पाइएमा त्यस्तो कार्यमा संलग्न कुनै पनि व्यक्ति, कर्मचारी, पदाधिकारी वा निकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाहीको निम्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा शिफारिस गरी पठाइनेछ ।

## परिच्छेद – ७

## विविध

**३६. थपघट वा हेरफेर गर्न सक्ने :** यो कार्यबिधि कार्यान्वयनका क्रममा कुनै द्विविधा वा अस्पष्टता आएमा त्यस्तो अस्पस्टता फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकताअनुसार थपघट वा व्याख्या गर्न सक्नेछ ।

**३७. कारवाही सम्बन्धी व्यवस्था** : यस नियमावली बमोजिम सम्पादन गर्नुपर्ने काम सम्पादन नगर्ने वा गर्नु पर्ने काम बदनियत पूर्वक कसैले गरेमा अनुगमन समितिले कारवाहीको लागि अध्यक्ष समक्ष सिफारीस गर्न सक्नेछ ।

**३८. खारेजी र बचाऊ** :

(१) यस कार्यविधिमा भएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

(२) गाउँपालिकाले योजना संचालन तथा व्यवस्थापन सम्बन्धी यस अघि गरेका प्रयासहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**२१. व्याख्या र संशोधन गर्ने अधिकार** :

(१) यस कार्यविधिमा कुनै अस्पष्टता भएमा गाउँकार्यपालिकाले व्याख्या गर्नेछ ।

(२) यस कार्यविधिमा भएका प्रावधानहरु संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूचीहरु

### अनुसूची-१

### (कार्यविधिको दफा ११ को उपदफा (२०) सँग सम्वन्धित)

### उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थाको लगत

कार्यक्रम/आयोजनाको नाम :

उपभोक्ता समिति/सामुदायिक संस्था/गैससको नाम :

गठन भएको मिति

उपभोक्ता समितिको बैंकको नाम र खाता नं. :

| क्र.स | प्द | नाम | ठेगाना | कैफियत (ठेकेदारको हकमा |
|---|---|---|---|---|

| | | | | **ठेकेदारको नाम लेख्ने ।)** |
|---|---|---|---|---|
| १ | अध्यक्ष : | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव : | | | |
| ४ | कोषाध्यक्ष : | | | |
| ५ | सदस्यहरु | | | |
| ६ | | | | |

**नोटः:** प्रत्येक आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा ठेकेदारको विवरण छुट्टाछुट्टै तयार गरी राख्नुपर्नेछ ।

## अनुसूची – २

## कार्यविधिको दफा १७ को उपदफा (९) सँग सम्वन्धित

## खर्च सार्वजनिक सूचना फाराम

मितिः २०७..... / ..../..... .

श्री ....................................... ....

..............................................कार्यालय,

१. आयोजनाको नाम : २. आयोजना स्थल :

३. विनियोजित वजेट : ४. आयोजना स्विकृत भएको आ.व. ५.

आयोजना सम्झौता भएको मिति : ६. काम सम्पन्न गर्नु पर्ने मिति :

७. काम सम्पन्न भएको मिति :– ८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति

## खर्च विवरण

अ) अनुदानतर्फः आ) श्रमदान तर्फः

क) निर्माण सामाग्री (आयात गर्नु पर्ने सामान) : क) निर्माण सामाग्री (स्थानीय सामाग्री) :

१. १.

२. २.

३. ३.

४. ४.

ख) कामदार विवरण : ख) कामदार विवरण :

१. सिपालु दिन सङ्ख्याः १. सिपालु दिन सङ्ख्याः

२. ज्यामी दिन सङ्ख्याः २. ज्यामी दिन सङ्ख्याः

ग) ढुवानी विवरण : ग) ढुवानी विवरण :

१. ट्रक/ट्रैक्टर भाडा १. ट्रक/ट्रैक्टर भाडा

२. मानिसद्वारा ढुवानी २. मानिसद्वारा ढुवानी घ) मेशिन

तथा औजार घ) मेशिन तथा औजार १.

१.

२. २.

**खर्च सार्वजनिक समयको उपस्थिति :–**

१. उपभोक्ता समितिका पदाधिकारीहरू २. स्थानीय सामाजिक संघ संस्थातर्फ क)

क)

ख) ख)

ग) ग)

उपर्युक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरी प्रमाणित गरिएको छ । साथै, उपभोक्ता तथा स्थानीय सामाजिक संघसंस्थाको रोहवरमा आयोजनाको निर्माणकार्य सम्पन्न भएको र सो आयोजनाबारे सबै सरोकारवालाहरूको सार्वजनिक जानकारीका लागि यो सूचना सार्वजनिकस्थलमा टाँस गरिएको छ ।

द्रष्टव्यः सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

..................... .............................. रोहवर

नाम ......................................................

उपभोक्ता समितिको सचिव उपभोक्ता समितिको अध्यक्ष वडा सचिव

## अनुसूची ३

## कार्यविधिको दफा १७ को उपदफा (९) सँग सम्वन्धित

## सार्वजनिक परीक्षण फारामको ढाँचा

पेश गरेको कार्यालय..........

**१. आयोजनाको नामः**

(क) नामः (ख) स्थलः

(ग) लागत अनुमानः (घ) आयोजना शुरू हुने मितिः

(ङ) आयोजना सम्पन्न हुने मितिः

**२. उपभोक्ता समिति/सामुदायिक संस्थाको**

(क) नामः (ख) अध्यक्षको नामः (ग) सदस्य

संख्याः महिलाः पुरूषः

**३. आम्दानी खर्चको विवरण:**

(क) आम्दानीतर्फ

| आम्दानीको श्रोत ( कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |

(ख) खर्चतर्फ

| **खर्चको विवरण** | **दर** | **परिमाण** | **जम्मा** |
|---|---|---|---|
| | | | |

**खर्चको विवरण**

१.सामग्री (के के सामग्री खरिद भयो

२. ज्याला (केमा कति भुक्तानी भयोमदान (कति जनाले श्रमदान गरे

३. श्रमदान (कति जनाले श्रमदान गरे?)

४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च)

| **विवरण** | **रकम वा परिमाण** | **कैफियत** |
|---|---|---|
| | | |

ग) मौज्दात

१. गाउँ बैंक व्यक्तिको जिम्मा २. सामग्रीहरू **घ) भुक्तानी दिन बाँकी**

| **विवरण** | **रकम वा परिमाण** | **कैफियत** |
|---|---|---|
| | | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण कामको विवरण लक्ष्य प्रगति

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू)।

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए? खुलाउने ।

अनुसूची-४

(कार्यविधिको दफा १६ को उपदफा (१८) सँग सम्वन्धित)

**मुड्केचुला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, काठमाडौं**

**उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन**

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं.: टोलः बस्तीः

उपभोक्ता समितिका अध्यक्षः सचिवः

२. आयोजनाको लागत :

प्राप्त अनुदान रकम रू. .............. चन्दा रकम रू................ जनसहभागिता रकम रू. ............. जम्मा रकम रू. ..............

३. हालसम्मको खर्च रू.

**क. स्थानीय निकायबाट प्राप्त रकमः**

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रू. .

२. ज्यालाः- दक्ष रू.:- अदक्ष रू. जम्मा रू.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रू.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रू.

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रू.

६. अन्य

**ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रू.:**

१. श्रमको मूल्य बराबर रकम रू.

२. जिन्सी सामान मूल्य बराबर रकम रू.

३. कूल जम्मा रू.

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू.

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रू.

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू:

क.

ख.

७. समाधानका उपायहरू

क.

ख.

८. स्थानीय निकाय र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव:

९. हाल माग गरेको किस्ता रकम रू.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

तयार गर्ने

सचिव कोषाध्यक्ष अध्यक्ष